नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाइट: www.daolalitpur.moha.gov.np

पत्र संख्या:
चलानी नं.:

मिति: .................................

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

बिषय :- DCCMC बैठकको निर्णय ।

मिति २०७७/१२/११ गते प्रमुख जिल्ला अधिकारी ढुण्डी प्रसाद निरौलाज्यूको अध्यक्षतामा बसेको District COVID-19 (कोरोना भाइरस) Crisis Management Centre (DCCMC) ललितपुरको बैठकका देहायको निर्णयहरू सर्वसाधारण एवं सरोकारवालाहरूको जानकारीका लागि अनुरोध छ ।

देहाय

१. यस ललितपुर जिल्लामा कोभिड-१९ खोपको हाल सम्मको प्रगतिको सम्बन्धमा बैठकमा जानकारी गराइयो । यस जिल्लामा देहायको प्रगति पाइयो ।

**पहिलो चरण (पहिलो प्राथमिकतामा परेका व्यक्ति)**

| लक्षित समूह | लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|
| स्वास्थ्यकर्मी | ६६७९ | ५२२६ | ७८.२% |
| फोहोरमैला व्यवस्थापनमा खटिने फोहर संकलन तथा चालकहरू | ३०७ | २६४ | ८५.९% |
| स्वास्थ्य संस्थामा कार्यरत अन्य कर्मचारी | ३५९२ | २२९७ | ६३.९% |
| एम्बुलेन्स तथा शव वाहन चालक तथा सहचालकहरू | ४० | ३० | ७५% |
| शव व्यवस्थापनमा प्रत्यक्ष खटिने व्यक्तिहरू | ३२ | ३४ | १०६% |
| महिला स्वास्थ्य स्वयंसेवहरू | ५०२ | ३८३ | ७६.३% |
| कुटनितिक नियोगका संगठनहरू | २१० | ३४६ | १६४.७% |
| वृद्धाश्रममा रहेका व्यक्ति, हेरचाह तथा व्यवस्थापनमा खटिने कर्मचारीहरू | ८३ | ९२ | ११०.८% |
| जेलमा रहेका कैदी तथा सुरक्षाकर्मीहरू | १८०० | १२९८ | ७२% |
| जम्मा | १३२४५ | ९९७० | ७५.२% |

**पहिलो चरण (दोस्रो प्राथमिकतामा परेका व्यक्ति)**

| लक्षित समूह | लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|
| पहिलो चरणमा छुट भएका स्वास्थ्यकर्मी लगायतका व्यक्तिहरू | ६०० | ४७४ | ७९% |
| स्थानीय तहका निर्वाचित जनप्रतिनिधि र कर्मचारी | ५०६ | २३७ | ४६.८% |
| निजामती सेवाका कर्मचारी | २२३८ | १७९२ | ६०% |
| जिल्ला प्रहरी (जनपथ) | १२०९ | ८६१ | ७१.२% |
| बैंक तथा वित्तिय समुहका कर्मचारीहरू | २४५३ | १२३१ | ५०.१% |
| प्राधिकरण र संस्थामा कार्यरत कर्मचारी | ७२२ | ५३२ | ७३.६% |
| पत्रकार | ५०० | ३४ | ६.८% |
| जम्मा | ८२२८ | ५१६१ | ६२.७% |

०७७/१२/११
सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स ०१-५५२३०५१, ५५५५४७५
इमेलः daolalitpur5@gmail.com
वेबसाइटः www.daolalitpur.moha.gov.np

पत्र संख्याः
चलानी नं.:

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

मितिः ................................

पहिलो चरण (तेस्रो प्राथमिकता परेका व्यक्ति)/६५ बर्ष माथिका नागरिक

| स्थानीय तह | लक्षित जनसख्या | पुरुष | महिला | जम्मा | प्रयोग भएको भायल | कभरेज |
|---|---|---|---|---|---|---|
| ललितपुर महानगरपालिका | २०४९४ | ५७५० | ५९८० | ११७३० | ११९१ | ५७.२ |
| महालक्ष्मी नगरपालिका | ४३२५ | १०६९ | ९९१ | २०६० | २११ | ४७.६ |
| गोदावरी नगरपालिका | ६१२० | १७७४ | १९९९ | ३७७३ | ३८४ | ६१.६ |
| महाङ्काल गाउँपालिका | ७९८ | २८० | २६३ | ५४३ | ५९ | ६८ |
| वागमती गाउँपालिका | ९७१ | ५२० | ४८३ | १००३ | १०४ | १०३ |
| कोन्ज्योसोम गाउँपालिका | ७०० | २९८ | २८५ | ५८३ | ६६ | ८३.२ |
| स्वास्थ्य कार्यालय ललितपुर | | ३३० | २७७ | ६०७ | ६० | |
| जम्मा | ३३४०८ | १००२१ | १०२७८ | २०२९९ | २०७५ | ५८.९४ |

२. हाल कोभिड-१९ को संक्रमण छिमेकी मुलुक भारतका विभिन्न प्रान्तहरूमा बढ्दै गई मृत्युदरमा समेत बृद्धि भएको र पछिल्लो केहि दिन यता नेपालमा पनि यसको संक्रमण दर पुनः बढ्न थालेको देखिएकोले यसको संक्रमण बढ्न नदिन यस ललितपुर जिल्लामा निम्न अनुसार गर्ने गराउने :

(क) कोभिड-१९ संक्रमण थप फैलन नदिन सबै स्थानीय तहहरूलाई विद्युतीय माध्यम तथा अन्य उपयुक्त माध्यमबाट चेतनाकामूलक कार्यक्रमहरू संचालन गर्न गराउन अनुरोध गर्ने ।

(ख) कोभिड-१९ संक्रमणको सम्भावनालाई मध्यनजर गरी पहिले सञ्चालनमा आएका क्वारेन्टिन, आइसोलेसन केन्द्रलाई तयारी अवस्थामा राख्ने ।

(ग) Sanitizer, Mask र Social Distance (SMS) मापदण्ड पालना गर्न कडाई गर्ने । मास्क नलगाउनेलाई संक्रामक रोग ऐन, २०२० बमोजिम कारवाही गर्ने ।

(घ) Case Investigation र Contract tracing को कार्य आवश्यकता अनुसार अघि बढाउने ।

(ङ) रात्रीकालीन व्यवसायहरू राती ११.०० बजेपछि संचालनमा रोक लगाउने । व्यवसाय सञ्चालन गर्दा पनि भिडभाड नहुने र स्वास्थ्य तथा सुरक्षाका तोकिएका मापदण्डहरू पालना गर्नु पर्ने व्यवस्था मिलाउने ।

(च) अस्पताल र स्वास्थ्य संस्थाहरू महामारी व्यवस्थापनको लागि आवश्यक तयारी अवस्थामा रहन लगाउने ।

(छ) कोभिड-१९ को बढ्दो जोखिमलाई मध्यनजर राखी निकट रहेको फागु पूर्णिमा (होली) को अवसरमा भिडभाड हुन नदिने र कोभिड १९ रोकथाम एवं नियन्त्रणको लागि भौतिक दुरी कायम गर्ने लगायत स्वास्थ्य तथा सुरक्षाका तोकिएका मापदण्डहरू पालना गर्नु पर्ने व्यवस्था मिलाउने ।

०७७/१२/११

ललित कुमार बस्नेत
सहायक प्रमुख जिल्ला अधिकारी
मिति २०७७/१२/११

सहायक प्रमुख जिल्ला अधिकारी